स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार
**गृह मन्त्रालय**
# जिल्ला प्रशासन कार्यालय
**गुलरिया, बर्दिया**
Google Plus Code: 683V+HM Gulariya

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७७/०७८
च.नं.:स्था.प्र./

मिति: २०७८/०१/०८

## जिल्ला प्रशासन कार्यालय बर्दियाको अनुरोध

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणबाट हालसम्म विश्वमा हालसम्म ३०,६०,०२५ जना र नेपालमा ३,१०२ जनाको दुःखद निधन भइसकेको छ । यस जिल्लामा जम्मा संक्रमित १७४२ जना रहेकोमा जसमध्ये १,५३३ जनाले कोरोना संक्रमणबाट मुक्त भई स्वास्थ्य लाभ गरिसकेका र १५२ जना आइसोलेसनमा सक्रिय संक्रमितको रुपमा रहेका भने २३ जनाको दुःखद निधन भएको अवस्था छ ।

केही दिनयता छिमेकी मुलुक भारतमा दैनिक २ लाख भन्दा बढी संक्रमित थपिदै गएको र नेपालमा पनि दैनिक स्वाब स्टेस्ट गरेको मध्य झण्डै २०% मा संक्रमण पुष्टी भएकोमा सीमा जोडिएका जिल्लाहरु बाँकेमा संक्रमणको दर उच्च रहेको हुँदा नेपालगंज क्षेत्र लगडाउन गरिएको छ । कैलालीमा पनि संक्रमणको दर तिव्र छ । बर्दिया जिल्लामा पनि सबै स्थानीय तहहरुको समुदायस्तरसम्ममा संक्रमण तिव्र रुपमा फैलिएको हूँदा यसको फैलिने दरलाई रोक्न नियन्त्रण गर्न र संक्रमितहरुलाई उपचारका लागि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) को निर्णय बमोजिम सोको न्यूनीकरण गर्न देहाय बमोजिम गरी विगतमा जस्तै आवश्यक सहयोग तथा सहजिकरण गरिदिनुहुन सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछ ।

तपसिल;

१. सिनेमा हल, पार्टी प्यालेस, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार (कृषि बाहेक) र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम २०७८ बैशाख मसान्तसम्म बन्द गर्ने/गराउने ।

२. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

३. एक पटकमा २५ जना भन्दा बढी भेला/जम्मा हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा २ मिटरको दुरी कायम गर्ने, मास्कको अनिवार्य प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी पसल व्यवसायहरु संचालन गर्ने । कुनै व्यक्तिले मास्क नलगाइ आएमा पसल व्यवसायीले रु. १० लिई मास्क उपलव्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई पसलमा प्रवेश गर्न नदिने ।

४. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलालमी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सास्कृतिक क्रियाकलापहरु संचालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण पालना गर्ने । विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व अनुमति लिई २५ जनामा नबढ्नेगरी गर्ने ।

२०७८।१।०८

सन्त बहादुर सुनार
प्रमुख जिल्ला अधिकारी

५. **सार्वजनिक यातायात संचालन सम्वन्धमा देहाय बमोजिम गर्नेः**

a. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रुलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

b. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने, सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नुपर्ने,

c. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा रु. १० लिई मास्क उपलव्ध गराउने, मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

d. लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला नजिकको सुरक्षा युनिटलाई उपलब्ध गराउने,

६. **होटेल तथा रेष्टुरेण्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात टेकअवे र होम डेलिभरी मात्र उपलव्ध गराउनेः**

a. होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

b. होटेल तथा रेष्टुरे०टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

c. कम्तीमा २ मिटरको भौतिक दुरी कायम गर्नुपर्ने,

d. सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

e. होटेल तथा रेष्टुरण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नुपर्ने,

f. होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई कुनै व्यक्तिले मास्क नलगाइ आएमा व्यवस्थापकले रु. १० लिई मास्क उपलव्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई होटेल वा रेष्टुरेण्टमा प्रवेश गर्न नदिने,

g. राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले समेत जनस्वास्थ्यका मापदण्डहरु पूर्ण पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने,

७. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने,

८. **कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति, क्लब, उपभोक्ता समुह/समिति, संघसस्थाहरुले देहाय बमोजिम गरी आवश्यक सहयोग गर्ने ।**

a. कोभिड-१९ सम्वन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने,

b. परीक्षण, क्वारेण्टीन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने,

c. क्वारेण्टीन वा आइसोलेसनमा बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेण्टीन वा आइसोलेसनमा बसे नसबेको सूचना स्थानीय तहलाई दिने,

d. घर वा होटेलमा क्वारेण्टीन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्वन्धी जानकारी उपलव्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने,

e. २ मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालन भए नभएको सूचना स्थानीय तहलाई दिने,

f. ६० बर्ष माथीका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना स्थानीय तहलाई दिने,

g. कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय सघ, सस्था, क्लब, शिक्षक तथा स्वंयम सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने,



२०७८।१।०५

सन्त बहादुर सुनार
प्रमुख जिल्ला अधिकारी

९. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्ने:

a. जनस्वास्थ्यका मापदण्णको पूर्ण रुपमा पालना गर्ने,
b. घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोऊ गर्ने, प्रयोग गरिएका विसर्जन गर्नुपर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखि पाँच दिन पछि मात्र विसर्जन गर्ने,
c. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोऊ गरेको मास्क नफाल्ने,
d. विदेशबाट नेपाल आउदा वा निकट सम्पर्मा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तिमा १० दिन होम क्वारेण्टीनमा अनिवार्य रुपमा बस्ने,
e. पि.सि.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिडडुल, भेटघाट र बैठक नगर्ने,
f. स्थानीय तहमा क्वारेन्टीन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने,
g. अन्य व्यक्तिले जनस्वास्थ्यका मादपण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा सस्थालाई यथाशीघ्र जानकारी गराउने,
h. होम आइसोलेनसमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्वन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने,
i. कोभिड-१९ सम्वन्धी स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना नगरेमा वा अवज्ञा गरेमा सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजाय गर्ने ।

१०. छिमेकी मित्रराष्ट्र भारत तथा तेश्रो मुलुकबाट भारत हुँदै आएका व्यक्तिहरु स्वयम् कम्तिमा १० दिन होम क्वारेन्टीनमा बस्ने ।

११. कोभिड-१९ को लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य केन्द्रमा गई स्वास्थ्य परीक्षण गराउने ।

१२. आम नागरिकले आफू र आफ्नो समुदायमा कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि नागरिक दायित्व र कर्तव्य निर्वाह गर्ने/गराउने ।

१३. कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरणका लागि नेपाल सरकारले तोकेको सामाजिक भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा मास्क लगाउने, नियमित रुपमा साबुन पानीले पटक पटक हात धुने वा स्यानीटाइजरको प्रयोग गर्ने जस्ता स्वास्थ्य सुरक्षा सम्वन्धी नेपाल सरकारले जारी गरेका मापदण्डको पूर्ण पालना गर्ने/गराउने।

१४. जिल्ला भित्र कुनै प्रकारका राजनीतिक भेला एवम् सम्मेलन, मेला, महोत्सव, खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम तथा व्यापारिक केन्द्रहरुमा भिडभाड नगर्ने/नगराउने ।

१५. कोभिड-१९ बिरुद्ध खोप लगाएका व्यक्तिहरुले समेत स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरुको पालना गर्ने/गराउने।

१६. संक्रमणको जोखिम न्यूनीकरण गर्न गराउन स्थानीय तहहरु, संघसंस्था, राजनीतिक दल, पेशा व्यवसायी, नागरिक समाज, पत्रकार लगायत सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग गर्ने/गराउने।

२०७८।१।०८

सन्त बहादुर सुनार
प्रमुख जिल्ला अधिकारी